**आकाशवाणी समाचार- नेपाली**

मितिः ०४ मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

**बीबीएसएसएल**को प्रगतिको आंकलन गर्नका लागि हिजो नयाँ दिल्लीमा एउटा समीक्षा बैठक गर्नु भयो।

· ऑस्ट्रेलियाका प्रधानमंत्री एंथनी अल्बानीज़ले संघीय चुनाव ठूलो बहुमतले जीतेका छन्।यस जीत प्रति प्रधानमंत्री नरेन्द्र मोदीले उहाँलाई बधाई र शुभकामना दिनु भएको छ।

· केंद्रीय वाणिज्य एवं उद्योग मंत्री पीयूष गोयलले हिजो ब्रिटेनमा विभिन्न भारतीय संगठनहरूका प्रतिनिधिहरूसित भेट गर्नु भयो।

· मुंबईमा जारी **वर्ल्ड ऑडियो विज़ुअल एंटरटेनमेंट समिट**-वेव्स आज संपन्न हुन गईरहोको।

· खेलो इण्डिया युथ गेम 2025 आज देखि बिहारको राजधानी पटनामा भव्य सामारोहका साथ शुरू हुन्दैछ।

· आईपीएल क्रिकेटमा हिजो राती खेलिएको एक रोमांचक म्याचमा रॉयल चैलेंजर्स बेंगलुरुले चेन्नई सुपर किंग्सलाई दुई रनले पराजित गर्यो।

**शाह-समीक्षा बैठक**

गृहमंत्री अमित शाहले **राष्ट्रीय सहकारी निर्यात लिमिटेड, राष्ट्रीय सहकारी ऑर्गेनिक्स लिमिटेड** अनि **भारतीय बीज सहकारी समिति लिमिटेड-बीबीएसएसएलको** प्रगतिको मुल्यांकन गर्नेको निम्ति नया दिल्लीमा समीक्षा बैठक गर्नु भयो । बैठकमा श्री शाहले भन्नु भयो कि प्रधानमंत्री नरेंद्र मोदीको नेतृत्वमा सहकारी निर्यात, ऑर्गेनिक उत्पादन अनि गुणस्तारिया बीउको प्रचार गर्नुको उद्देश्यले २०२३ मा तीन राष्ट्रिय सहकारी संस्थाहरूको स्थापना भएको थियो । गृह मंत्रीले **राष्ट्रीय सहकारी निर्यात लिमिटेड-एनसीईएलको लागि दुइ** लाख करोड़ रुपया निर्यातको लक्ष्य निर्धारित गर्नु भयो जसमा तीन यस्तो विशिष्ट उत्पादनमा ध्यान केंद्रित गरिएको छ जुन भारतबाट निर्यात भइरहेको छैन। उहाले सहकारी संस्थाहरुलाई सबै निर्यात **एनसीईएलको** माध्यम द्वारा गर्ने निर्देश दिनु भयो। यसबाट बीस देखि तीस हजार करोड़ रुपयाको व्यापार हुनेछ अनि कर र सञ्चालन लागत पछिको शुद्ध नाफा सहकारीमा फिर्ता जानेछ। श्री शाहले दालहरुको आयातको निम्ति अफ्रीका अनि म्यांमारमा

**ऑस्ट्रेलिया-चुनाव**

ऑस्ट्रेलियाका प्रधानमंत्री एंथनी अल्बानीज़ले संघीय चुनाव ठूलो बहुमतले जीतेका छन्। 150 सीटरहेको प्रतिनिधि सभामा लेबर पार्टीले 84 र लिबरल-नेशनल पार्टीले 33 सीटमाथि जीत हासिल गर्यो। मतगणना अझै पनि जारी छ। श्री अल्बानीज़ 21 वर्षमा लगातार दोस्रो पल्ट चुनाव जीत्ने पहिलो ऑस्ट्रेलियाई प्रधानमंत्री बनिनु भएको छ। उहाँले करहरूमा सामान्य कमी गर्ने, सस्तो स्वास्थ्य सेवाहरू प्रदान गर्ने, पहिलो पल्ट खरीदार गर्नेहरूका लागि नयाँ घर दिने वाचा गर्नु भएको छ। विपक्षी लिबरल-नेशनल गठबंधनका नेता पीटर डटनले आफ्नो हार स्वीकार गरेका छन्। प्रधानमंत्री नरेन्द्र मोदीले यस विजय प्रति अल्बानीजलाई बधाई र शुभकामना दिनु भएको छ। श्री मोदीले भन्नु भएको छ। अल्बानीजसित मिलेर काम गर्न तथा दिवीपक्षीय संबंधहरूलाई थप उँचाई दिन आफू उत्साही र उत्सुक रहेको श्री मोदीले भन्नु भएको छ।

**गोयल-ब्रिटेन दौरा**

केंद्रीय वाणिज्य एवं उद्योग मंत्री पीयूष गोयलले हिजो ब्रिटेनमा विभिन्न भारतीय संगठनहरूका प्रतिनिधिहरूसित भेट गर्नु भयो। सोशल मीडिया प्लेटफॉर्म एक्समा पोस्ट गरि श्री गोयलले भन्नु भएको छ भारत र ब्रिटेन विभिन्न क्षेत्रहरूमा सहयोगलाई झन गहिरो गर्नका लागि सक्रिय रूपले काम गरिरहे छन्। उहाँले यी विभिन्न भारतीय सेगठनहरूरो बहुमूल्य योगदानको सराहना गर्नु गर्दै दुवै देश बीचको सांस्कृतिक, राजनीतिक र आर्थिक संबंधहरूलाई बलियो बनाउनुमा महत्वपूर्ण भूमिका निर्वाह गरेकोमा बधाई दिनु भयो अनि यसलाई अझ बलियो बनाउँदै लैजाने विषयको कामना पनि गर्नु भयो। श्री गोयलले हिजो लंदनमा इंटरनेशनल सेंटर फॉर सस्टेनेबिलिटीको पनि भर्मण गर्नु भयो। एक्समा श्री गोयलले लेख्नु भएको छ - भारतको स्थिरता पहलहरूको बूझाईलाई बढ़ाउने र भारत-ब्रिटेन संबंधहरूलाई मजबूत पार्नका लागि भारतको केंद्र सरकारका प्रयासहरू बारे संस्थापक ट्रस्टी सचिन नांधाबाट सुनेर मो आफू धेरै खुशी भएको छु। यस भन्दा अघि श्री गोयलले लंदनमा इंडिया ग्लोबल फोरमको एउटा प्रतिनिधिमंडल सित पनि भेट गर्नु भयो। उहाँले भारत- ब्रिटेन संबंधहरूलाई बलियो बनाउने दिशामा फोरम द्वारा गरिन्दै गरेका कामको प्रशंसा पनि गर्नु भयो भविष्यमा पनि यस्तै कामहरू गर्दै जान भनि शुभकामना पनि दिनु भयो।केंद्रीय मंत्री हालै दुवै देश बीच मुक्त व्यापार समझौतेबारे चली रहेको कुराकानीका लागि लंदनमा हुनु हुन्छ।

**चारधाम रेलवे यात्रा**

भारतीय रेलवेले चारधाम यात्राका लागि भारत गौरव डिलक्स ट्रेन सुरु गरेको छ। बद्रीनाथए जोशीमठए ऋषिकेश, पुरीए कोणार्क, रामेश्वरम र द्वारकाका साथै काशी विश्वनाथए भीमाशंकर र त्र्यंबकेश्वरको यात्राका लागि यो रेल सञ्चालनमा आएको हो। यो रेल यस महिनाको २७ तारिखमा दिल्लीको सफदरजंग रेलवे स्टेशनबाट प्रस्थान गर्नेछ। र यसले चारधाम र अन्य धार्मिक स्थलहरूको यात्रा १७ दिनमा पूरा गर्नेछ। रेल टिकटहरू रेलवे वेबसाइटमा 'पहिले आओ पहिले पाओ' सेवाको आधारमा बुक गर्न सकिन्छ।

**वेव्स-सम्मेलन -अंतिम दिन**

मुंबईमा जारी वर्ल्ड ऑडियो विजुअल एंटरटेनमेंट समिट-वेव्स आज संपन्न हुन गईरेहोको। आज अंतिम दिन फिल्म निर्माणबारे केहि सत्रहरू हुने छन् तथा भव्य सांस्कृतिक कार्यक्रमका साथ यसको समापन हुने छ। चार दिने यस सम्मेलनको उद्धाटन प्रधानमंत्री नरेंद्र मोदीले गए बिहिबारको दिन गर्नु भएको थियो।यसको, आयोजन भारतलाई मीडिया, मनोरंजन र डिजिटल नवाचारको वैश्विक केंद्रको रूपमा स्थापित गर्ने प्रयास हो। यस आयोजनमा 90 भन्दा बढी देशहरूका दस हजार भन्दा अधिक प्रतिनिधिहरू शामेल भए।

**बौद्ध अवशेष-वियतनाम**

वियतनाममा थान टैम पगोडामा हिज एक लाख भन्दा अधिक श्रद्धालुहरुले भगवान बुद्धको अवशेषहरुमा पुष्पांजलि अर्पित गरे। अवशेष केंद्रीय मंत्री किरेन रिजिजू अनि आंध्रप्रदेशका मंत्री कंडुला दुर्गेशको नेतृत्वमा रहेको शिष्टमंडल द्वारा भारतबाट लगिएको थियो। भगवान बुद्धको यी अवशेष यसै महिनाको 21 तारीख़ सम्म **संयुक्त राष्ट्र वेसक समारोहको** हिस्सा बनिरहने छ। यस वर्षको **संयुक्त राष्ट्र वेसक समारोहको** मुख्य विषय रहेको छ - **मानवीय मर्यादाको लागि एकता अनिसमावेशिताः विश्व शांति तथा विकास प्रति बौद्ध दृष्टि। संयुक्त राष्ट्र वेसक दिवस आगामी** मंगलवार 6 मई देखि 8 मई सम्म मनाईने छ।भगवान बुद्धको यी अवशेष बर्ष 1898 मा भारत-नेपाल सीमा स्थित कपिलवस्तुमा भेटिएको थियो।

**संशो.-आईपीएल-क्रिकेट**

आईपीएल क्रिकेटमा हिजो राती खेलिएको एक रोमांचक म्याचमा रॉयल चैलेंजर्स बेंगलुरुले चेन्नई सुपर किंग्सलाई दुई रनले पराजित गर्यो। एम. चिन्नास्वामी स्टेडियममा खेलिएको यस म्याचमा पहिला बल्लेबाजी गर्दै बेंगलुरुले 20 ओवरमा 213 रन बनायो। बेंगलुरुका लागि रोमारियो शेफर्डले 14 बौलमा 53 रन बनाए तथा उनलाई प्लेयर ऑफ द म्याच घोषित गरियो। चेन्नईका

लागि मथेशा पथिरानाले तीन विकेट लिए।चेन्नईले विजय लक्ष्यलाई पछयाउँदै 20 ओवरमा 5 विकेट गुमाएर 211 रन मात्र बनाउन सक्यो। चेन्नाईकालागि आयुष म्हात्रले 48 बलमा 94 र रवींद्र जडेजाले 77 रन बनाए। यस जीतका साथ बेंगलुरुले 16 अंक हासिल गरि अंक तालिकामा शीर्षमा पुगेको छ भने चेन्नई पहिले नै प्लेऑफबाट बाहिरिएको छ।आज कोलकाताको ईडन गार्डन्समा कोलकाता नाइट राइडर्स र राजस्थान रॉयल्स बीच दिउँसो 3 बजेर 30 मिनेटमा भीड़न्त हुने छ भने अर्को म्याच साँझ साढे सात बजी हिमाचल प्रदेशको धर्मशालामा पंजाब किंग्सको मुकाबिला लखनऊ सुपर जायंट्स सित हुनेछ।

**<u>प्रधानमंत्री - उमर अब्दुल्ला</u>**

जम्मू-कश्मीरका मुख्यमंत्री उमर अब्दुल्लाले हिजो नयाँ दिल्लीमा प्रधानमंत्री नरेन्द्र मोदी सित भेट गर्नु भयो। विगत गत अप्रेल महीनामा पहलगाममा भएको आतंकी हमला पछि प्रधानमंत्री नरेन्द्र मोदीसित श्री अब्दुल्लाको यो पहिलो भेट हो। जम्मू-कश्मीर नेशनल कॉन्फ्रेंस पार्टीले आफ्नो सोशल मीडियाको एक पोस्टमा भनेको छ यस भेटघाटमा पहलगाम आतंकी हमला सहित कैयन मुद्दाहरूमाथि छलफल गरियो।

****** o ******

****** o ******